# नेपाल विद्युत प्राधिकरण

**वितरण तथा ग्राहक सेवा निर्देशनालय**

**गण्डकी प्रादेशिक कार्यालय**

## पोखरा वितरण केन्द्र

**शिलवन्दी बोलपत्रवाट लिलाम विक्रीको २१ दिने सुचना**

(सुचना प्रकाशित मिति: २०७७/०८/२२

यस वितरण केन्द्रले प्रयोग गरी पुराना भई काम नलाग्ने अवस्थाका स्टोरमा रहेका फर्निचर, कार्यालय सामाग्री, कम्प्युटर, प्रिन्टर, साईकल, पुराना कपर क्वायल, फलाम, कन्डक्टर तथा संस्का केवुलहरु जहां जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलवन्दी बोलपत्रवाट लिलाम विक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईन्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सुचना प्रथम पटक प्रकासीत भएको मितीले २२ औं दिन अपरान्ह १२:०० वजे भित्र वुझाउन ल्याउने गरि शिलवन्दी बोलपत्र आव्हान गरिएको छ । व्रिस्तृत सुचनाको विवरण ने.वि.प्रा.को वेभसाईटमा हेर्न सकिने छ ।

**मालसामानको विवरण**

| सि.नं. | वोलपत्र नं. | मालसामानको विवरण | न्युनतम मुल्याङकीत रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | NEA-PDC-2077/078- Lilami 01 | फर्निचर, कार्यालय सामाग्री, कम्प्युटर, प्रिन्टर, साईकल, सवारी साधनको पार्टस, व्याट्री, पुराना कपर क्वायल, फलाम, पोल, कन्डक्टर तथा संस्का केवुल जस्ता पुराना सामानहरु । | रु. ५,८२,७६८।१२ (पांच लाख वयासी हजार सात सय अर्सठ्ठी र पैसा वाह्र मात्र) | |

**शर्तहरु:**

१) शिलवन्दी बोलपत्र सम्वन्धी कागजात यो सुचना प्रथम पटक प्रकासीत भएको मितीले २१ औं दिन सम्म कार्यालय समय भित्र यस वितरण केन्द्रमा निवेदन साथ व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र तथा फर्म संस्था/कम्पनीको हकमा सोको कागजात संलग्न गरि विविध आय काउण्टरमा रु.१०००।०० (एक हजार मात्र) को रसिद काटी (पछि फिर्ता नहुने गरि) खरिद गरि २२ औं दिन अपरान्ह १२:०० वजे भित्र प्रशासन शाखामा दाखिला गरि सक्नु पर्नेछ ।

२) बोलपत्र सन्वन्धी कागजात २२औं दिन अपरान्ह १४:०० वजे यसै वितरण केन्द्रमा कार्यालयका प्रतिनिधिहरु तथा बोलपत्रदाताहरुको उपस्थितीमा खोलीनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३) बोलपत्रसाथ आफुले कवुल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सिभिल वैक लि.पोखरामा रहेको यस वितरण केन्द्रको धरौटी खाता नं. ०२४१०१५१३८६०१७ मा नगद जम्मा गरेको सक्कलै वैक भौचर वा नेपाल स्थित क श्रेणीको वाणिज्य वैकवाट यस वितरण केन्द्रको नाममा जारी भएको कम्तीमा ९० (नव्वे) दिन म्याद भएको विना शर्ताको वैक जमानत पेश गर्नु पर्नेछ ।

४) बोलपत्र फारममा आईटमवाईज दररेट वा एकमुष्ट रकम लेख्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेकोमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५) न्युनतम मुल्याङकन रकम भन्दा सवै भन्दा वढी मुल्य कवोल गर्ने वोलपत्रदाताको वोलपत्र स्विकृत गरिने छ ।

६) बोलपत्र खरिद गर्ने र दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलीपल्ट कायम हुनेछ ।

७) बोलपत्रमा उल्लेख भए वमोजीमको लिलाम विक्रीहुने सामान हेर्नु परेमा कार्यालय समय भित्र कार्यालयमा उपस्थित भई हेर्न सकिनेछ । साथै थप जानकारीको लागि कार्यालयको सम्पर्क नम्वर ०६१-५३२६८७ र ५२०४७१ मा सम्पर्क गर्न सकिनेछ ।

८) सुचनामा उल्लेखित कुराहरु नेपाल विद्युत प्राधिकरण आर्थिक प्रशासन विनियमावली २०६८ तथा प्रचलीत कानुन वमोजीम हुनेछ । साथै बोलपत्र स्विकृत गर्ने तथा जुनसुकै कारण आंसीक वा पुर्णरुपमा रद्ध गर्ने अधिकार ने.वि.प्रा. पोखरा वितरण केन्द्रमा निहित रहने छ ।

नेपाल विद्युत प्राधिकरण
पोखरा वितरण केन्द्र
मालेपाटन पोखरा

२०७७।०८।२२

प्रमुख